सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

♦ वर्ष ९ ♦ अंक २१७ ♦ २०८२ साल चैत्र ३० सोमवार ♦ 13 April 2026 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com



**विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।**

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९


# कमला नदीमा डुबेर १८ वर्षीय युवकको मृत्यु



**खबर दर्पण समाचारदाता**
**चैत्र २९ गते, बर्दिवास**

पिकनिक मनाउन गएका एक युवकको कमला नदीमा डुबेर मृत्यु भएको छ ।

जिल्लाको गणेशमान चारनाथ नगरपालिका-५ टोडकीटोलस्थित कमला खोलामा पौडी खेल्ने क्रममा जनकपुरधाम उपमहानगर पालिका-६ निवासी १८ वर्षीय मोहमद आयन बेपत्ता भएका थिए ।

साथीहरूसँग पिकनिक मनाउन पुगेका आयन नदीमा पौडी खेल्ने क्रममा अचानक हराएपछि तत्काल प्रहरीलाई खबर गरिएको थियो ।

त्यसपछि सशस्त्र प्रहरी बलको गोताखोर टोली घटनास्थल पुगेर खोजी कार्य सुरु गरेको थियो । खोजीका क्रममा केही समयपछि आयनको शव खोला किनार नजिकै फेला परेको प्रहरीले जनाएको छ ।

घटनापछि स्थानीयवासी र सुरक्षाकर्मीको संयुक्त टोलीले व्यापक खोजी अभियान सञ्चालन गरेका थिए ।

# बर्दिबासमा बेवारिसे शव फेला, पहिचान खुल्न बाँकी

**धर्वेन्द्रकुमार यादव 'यदुवंशी'**
**चैत्र २९ गते, महोत्तरी**



महोत्तरी जिल्लाको बर्दिबास बजार क्षेत्रमा एक अपरिचित व्यक्तिको बेवारिसे शव फेला परेको छ।

स्थानीय बासिन्दाले सडक किनारमा शव देखेपछि तत्काल प्रहरीलाई जानकारी गराएका थिए।

इलाका प्रहरी कार्यालय बर्दिवासका अनुसार बिहानै नियमित आवतजावतका क्रममा स्थानीयले शङ्कास्पद अवस्थामा एक पुरुषको शव देखेपछि खबर गरेका हुन्।

सूचना प्राप्त हुनासाथ नेपाल प्रहरी को टोली घटनास्थलमा पुगेर आवश्यक प्रक्रिया सुरु गरको थियो। घटनास्थलमा पुगेको प्रहरी टोलीले शवको प्राकृतिक मुचुल्का तयार पार्नुका साथै प्रारम्भिक अनुसन्धान अघि बढाएको जनाएको छ।

शव हेर्दा करिब ३०, ३५ वर्ष उमेर समूहको पुरुष जस्तो देखिएको र पहिचान खुलाउने कुनै कागजात वा प्रमाण तत्काल फेला नपरेको प्रहरीले जनाएको छ।

शवलाई पोस्टमार्टमका लागि नजिकको स्वास्थ्य संस्थामा पठाइएको छ। मृत्युको कारण पोस्टमार्टम रिपोर्ट बाट मात्र थाहा हुने प्रहरीले जनाएको छ। प्रहरीले घटनाबारे थप अनुसन्धान जारी राखेको र मृतकको पहिचान खुलाउन आसपासका जिल्ला तथा हराएका व्यक्तिहरूको विवरणसँग मिलान गर्ने कार्य भइरहेको जनाएको छ।

साथै, यदि कसैले हराएका आफन्तको खोजी गरिरहेको भए नजिकको प्रहरी कार्यालयमा सम्पर्क गर्न अनुरोध गरिएको छ।

## सूचना केका लागि ?

नागरिक सुसूचित हुन के एउटा सञ्चारमाध्यम मात्र पर्याप्त छ ?

पाठक–श्रोतावर्ग विभिन्न सञ्चारमाध्यमबाट सूचना पाएर सन्तुष्ट हुन्छन्, तर सरकारी सूचनाका लागि सरकारी सञ्चारमाध्यमकै मात्र भर पर्ने बनाउनु उनीहरुको अधिकार खोस्नुसरह होइन र ?

समाचारका स्रोत फरक–फरक भए पनि सूचना र विज्ञापनको स्रोत एउटै हुनुपर्ने नीति सही हो ?

घरभित्र चोर पसेमा चोरलाई भित्रै थुनेर आगो लगाउने कि चोर समातेर कानुनी उपचार गर्ने ?

सरकारी सूचना, सरकारी ठेक्कापट्टाका सबै बोलपत्र सरकारी सञ्चारमाध्यममा मात्र प्रेषित गरी आफ्ना ठेकेदार र सीमित वर्गलाई मात्र पोषण गर्न खोजेको हो कि भन्ने प्रश्न र भाष्य खडा भएको छैन र ?

संविधानले जनताको सुसूचित हुने अधिकार सुनिश्चित गरेको भए पनि सरकारी सूचनाका हकमा सञ्चारमाध्यममा सरकारी र गैरसरकारी भन्ने विभेदले संविधानप्रदत्त अधिकार हनन भएन र ?

अहिले गरिएको विभेदले यो सरकारको गैरसरकारी सञ्चारमाध्यमलाई आर्थिक बहिष्करणमा पार्ने नीतिले प्रेस स्वतन्त्रतालाई नै सङ्कुचित बनाउन खोजेको होइन र ?

नयाँ पुस्ताले भ्रष्टाचार निर्मूल पार्न र भ्रष्टाचारीलाई कारबाही गर्न आफ्नो मत दिएर बहुमत प्रदान गरेको सरकारले भ्रष्टाचार गर्नेलाई कारबाही गर्नुको साटो यो बन्देज लगाउनु कतिको सही कदम हो ?

सरकारी विज्ञापन र सूचना निषेधबाट निजी मिडियाको सङ्कुचनले मुद्रण व्यवसाय, कुरियर व्यवसाय, हकर व्यवसाय, आन्तरिक रोजगारी र भावी पुस्ताको पत्रकारिताको अध्ययन–अध्यापनलाई समेत अवरुद्ध गर्दैन र ?

(सरकारी सूचना र विज्ञापन सरकारी सञ्चारमाध्यममा मात्र प्रकाशित र प्रेषित गर्ने-गराउने नयाँ सरकारको नीतिविरुद्ध निजी सञ्चारमाध्यमको संयुक्त प्रश्न ।)


भर्ना खुल्यो ! भर्ना खुल्यो !! भर्ना खुल्यो !!!

**श्री त्रिभुवन नमुना माध्यमिक विद्यालय**
**गौशाला, महोतरीको**

**शैक्षिक सत्र २०८३का लागि Diploma in Civil Engineering (9-12)**

संकाय आध्ययन गर्ने ईच्छुक छात्र-छात्रहरूलाई फारम भर्नाको लागि आहवान गरिन्छ ।

**हाम्रो विशेषताहरू**

१. अनुशासित वातावरणमा दक्ष शिक्षक/प्रशिक्षकद्वारा अध्यापन गराईने ।
२. सुविधा सम्पन्न प्रयोगशालाको छुट्टा छुट्टै विषयको व्यवस्था भएको ।
३. प्रत्येक कक्षामा र विद्यालयको हरेक ठाउँमा CC TV क्यामराको निगरानीमा अध्यापन साथै विद्यार्थीको रेखदेख निगरानी गरिने ।
४. Civil Engineering मा अध्ययन छात्र/छात्राहरुका लागि परीक्षण सम्बन्धी प्रयोगशालाको व्यवस्था ।
५. प्रत्येक कक्षामा वर्ग विभाजनको (Section) व्यवस्था।
६. स्मार्ट बोर्डको प्रयोग गरि अध्यापन गराईने ।

**हाम्रो कार्यक्रम**

१. फारम वितरण २०८२-१२-२० गतेदेखि २०८३-०१-०४ सम्म ।
२. Orientation Class २०८३-०१-०२ गतेदेखी ०५ गते सम्म
३. प्रवेश परीक्षा २०८३-०१-०६ गते ।
४. भर्ना सुरू २०८३-०१-०७ गतेबाट
५. कक्षा संचालन २०८३-०१-१३ गतेबाट...............
६. सम्पर्क स्थान: श्री त्रि.न.मा.वि. को कार्यालय
७. समय विहान ७:०० बजेदेखि ११:०० बजे सम्म ।
८. फारम र प्रवेश परीक्षा दस्तुर रू १००/- ।




भवदिय: श्री त्रिभूवन नमूना माध्यमिक वि. परिवार
गौशाला-५, महोतरी

प्र.अ. विनोद महतो
Mo. 9814800989
Co-ordinator:-
Er. Pappu Kr. Roushan
Mo:-9801674850

# भारतीय सङ्गीतकी महान् गायिका आशा भोसलेको ९२ वर्षको उमेरमा निधन



**खबर दर्पण समाचारदाता**

**चैत्र २९ गते, बर्दिवास**

भारतीय पार्श्वगायनकी शिखर व्यक्तित्व आशा भोसलेको कोकिलकण्ठी आवाज गुञ्जिरहे पनि उहाँको भौतिक शरीरले यस धराबाट विश्राम लिएको छ । करोडौँका मनमा अमिट छाप छाड्न सफल आशाका कर्णप्रिय स्वरले साङ्गीतिक मनहरूलाई युग युगसम्म उद्वेलित बनाइनै रहने छ । जसको स्वरमाधुरी आवाजले नेपाली सङ्गीत पारखीलाई बर्सौदेखि मुग्ध पारिरहेको थियो ।

करोडौं मनमुटुलाई आफ्नो जादुमयी स्वरले हल्लाइदिने आशा नेपाली गीतसङ्गीत अनुरागीका लागि पनि उत्तिकै रुचाइने नाम हो । जोसँग नेपाली गीतसङ्गीतको साइनो सम्बन्ध दशकौं पुरानो छ ।

**वसन्त नै बस्न खोज्छ यहाँ लोलाएर**
**यो हो मेरो प्राणभन्दा प्यारो**
**माइतीघर माइतीघर माइतीघर**

चलचित्र 'माइतीघर' (सन् १९६६) को यही गीत गाएर आशाले नेपाली सङ्गीतमा साइनो जोड्नुभएको हो । किरण खरेलको शब्द र जयदेवको सङ्गीतमा गाइएको यो गीतले माइतीघर छाड्दै गर्दा कुन नेपाली चेलीलाई रुवाएन होला र ? हो, आज त्यसै गरी भूगोल, भाषा र रडको परिधिभन्दा माथि उठेर आशाको बिदाइमा करोडौं सङ्गीतप्रेमी उसै गरी रोइरहेका छन् ।

नेपाली गायनमा भोसलेको प्रवेश, निरन्तरता र सफलतामा नेपाली सङ्गीतका अग्रज पुस्ता र दिग्गजको महत्वपूर्ण भूमिका छ । विशेष गरी सङ्गीतकार रञ्जित गजमेरसँगको उहाँको सहकार्यले नेपाली सङ्गीतलाई स्वर्ण युगमा प्रवेश गरायो भन्न सकिन्छ । उहाँले मुम्बईमा बसेर पनि नेपाली भाषाको मर्म र लवजलाई टपक्क पक्रेर गाउनुभएका सयौं गीत नेपाली मनमुटुलाई छुँदै भावनात्मक सम्बन्ध गाँस्न सफल मानिन्छन् ।

आशा भोसलेको एउटा विशेषता छ- नेपाली भाषाको उच्चारणमा शुद्धता । मोहनी लाग्ला है..., पहाडको माथि माथि घुम्दै उडेर..., किन बढ्दै छ ढुकढुकी मुटुको.., गैह्रीखेतको शिरै



हान्यो... लगायत सयौं गीतमा स्वर दिनुभएकी आशाले गाएका नेपाली गीत फरक भाषीले गाएको अनुभूति कहिल्यै भएन । मुम्बईकी अति नै व्यस्त गायिका भएर पनि नेपाली गीत गाउन भनेपछि समय व्यवस्थापन गरिहाल्ने आशाले खासमा त्यो स्नेह नेपाली सङ्गीतलाई दिनुभएको जीवन्त उपहार थियो । जसले मुम्बई र काठमाडौंबिच सङ्गीतको एउटा बलियो सेतुको काम गर्दै आएको थियो । सोही कारणले पनि नेपाली गीत, सङ्गीत र गायन कलालाई अन्तर्राष्ट्रिय स्तरमा चिनिन मद्दत पुऱ्याएको थियो ।

भोसलेको निधनको खबरले नेपाली सङ्गीत क्षेत्र मात्र होइन, सम्पूर्ण नेपाली जनमानसलाई स्तब्ध बनाएको छ । उहाँको भौतिक शरीर हामीमाझ नरहे पनि उहाँको स्वरले दिएको अजम्बरी उपहार सधैं जीवित रहने छ । उहाँको निधनले सङ्गीतको एउटा सिङ्गो युगको, एउटा अध्यायको अन्त्य भएको छ । नेपाली सङ्गीतको श्रीवृद्धिमा उहाँले पुऱ्याउनुभएको योगदानलाई इतिहासले सधैं सम्मानका साथ स्मरण गरिरहने छ ।

निर्देशक तुलसी घिमिरेका अनुसार उहाँको योगदान गीत गाउनुमा सीमित थिएन, उहाँले नेपाली सङ्गीतलाई व्यापक दर्शकमाझ चिनाउन सहयोग गर्नुभएको छ । भारतीय रेडियो र क्यासेट संस्कृतिमा उहाँका गीतसँगै नेपाली गीत पनि सुन्ने वातावरण बनेको थियो ।

सन् १९३३ मा महाराष्ट्रमा जन्मिनुभएकी भोसलेको बाल्यकाल त्यति सहज थिएन । प्रसिद्ध गायक तथा नाटककार पण्डित दीनानाथ मङ्गेशकरकी छोरी उहाँको रगतमै सङ्गीत थियो । बाल्यकालमै पिताको निधन भएपछि परिवारको जिम्मेवारी काँधमा आएसँगै त्यहीँबाट सुरु भएको थिए आशाका असीमित सङ्घर्षका दिन ।

उहाँको स्वरले मिरमिरे साँझमा, एउटा मान्छे मन पर्छ, यति धेरै माया दियौ, आज हाम्रो भेट भाको दिन, को होला मेरो मायालु, साउने झरीमा, किन बढ्दै छ ढुकढुकी, पहाडको माथि माथि, तिम्रो मनमा

लुकेको कुरा, तिमी मेरो म तिम्रो, तिम्रो आँखाको सागरमा... लगायत दर्जनौं गीतले मनमा स्थान पाएका छन् । खास गरी स्वर सम्राट् नारायणगोपालसँग उहाँको युगल गायन निकै चर्चित थियो । चलचित्र 'प्रेमपिण्ड' को 'गैरी खेतको शिरै हान्यो...' 'चिनो' मा नारायणगोपालसँग गाउनुभएको 'मोहनी लाग्ला है...' र 'स्वर्ग' को 'दियो बाली साँझको...' गीतलाई नेपाली सङ्गीतप्रेमीले कहिले कसरी बिर्सना सक्ला र ? रञ्जित गजमेर, शम्भुजित बाँस्कोटा, कुसुम गजमेर, तुलसी घिमिरे, किरण खरेल, यादव खरेल आदिसँग उहाँले गीतहरूमा सहकार्य गर्नुभएको थियो । बलिउडको 'पिया तू अब तो आजा...', 'दम मारो दम...', 'चुरा लिया है तुमने...', जस्ता गीतले उहाँलाई सधैं दर्शकमाझ सम्झने बनाउँछ । बलिउडका मात्र होइन, बङ्गाली, मराठी, गुजराती, पन्जाबी, अङ्ग्रेजीलगायत २० भन्दा बढी भाषामा आशाले गीत गाउनुभएको छ ।

नेपाली चलचित्र सङ्गीतलाई मूलधारको सङ्गीतभन्दा लोकप्रिय बनाउनुमा आशा भोसलेको स्वरको जादुले पनि महत्वपूर्ण टेवा दिएको यथार्थलाई भुल्न सकिन्न ।-एजेन्सी

## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिंग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बच्छार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### बर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय बर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शुभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| इलाका प्रशासन कार्यालय बर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्बुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# जातीय छुवाछुत मुद्दामा औरहीकी एक महिला पक्राउ, बुहारी न्यायको प्रतीक्षामा



महोत्तरीको औरही नगरपालिका वडा नं. ३ श्रीपुर निवासी ईन्द्रा कुमारी मण्डल । उनलाई सासु ववितादेवी यादवले घर प्रवेशमा रोक लगाएपछि न्यायको लागि काखे बच्चा लिएर भौतिरिदै ।

**अजय साह र धर्वेन्द्र यादव**
**चैत्र २९ गते, बर्दिवास**

अन्तरजातीय विवाह गरेको कारण जातीय छुवाछुत तथा अमानवीय व्यवहार गरेको कसुरमा महोत्तरीको एक महिलालाई पक्राउ गरिएको छ। औरही नगरपालिका-५ निवासी ४५ वर्षीया ववितादेवी जातीय छुवाछुत तथा अमानवीय व्यवहार सम्बन्धी मुद्दामा पक्राउ परेकी हुन्। जिल्ला प्रहरी कार्यालय महोत्तरी का अनुसार गत माघ ८ गते दर्ता भएको मुद्दापछि फरार रहेकी उनलाई लुकिछिपी बसेको अवस्थामा घर बाटै नियन्त्रणमा लिइएको हो। उक्त मुद्दा उहाँकी बुहारी इन्द्रा कुमारी मण्डलले दिनुभएको जाहेरीका आधारमा दर्ता भएको हो। इन्द्रा कुमारी मण्डलका अनुसार आफूले नावालक सन्तानसहित घर प्रवेश गर्न खोज्दा सासुले "कुलदेवता रिसाउने" भनी कुटपिट गर्दै घर भित्र प्रवेश गर्न नदिनुका साथै जातीय रूपमा अपमानजनक व्यवहार गर्नुभएको आरोप लगाइएको छ।

इन्द्राका श्रीमान् मेघनाथ यादव हाल सम्पर्कविहीन रहनुभएको जनाइएको छ। उहाँले श्रीमान सहित परिवारका अन्य सदस्यविरुद्ध अंश मुद्दासमेत दर्ता गर्नुभएको छ।

महोत्तरीकै औरही-३, श्रीपुर निवासी इन्द्रा कुमारी मण्डलले सासुको पक्राउपछि न्याय पाउने आशा व्यक्त गर्नुभएको छ। उहाँका अनुसार फागुन १२ गते जन्मिएको शिशुले हालसम्म आफ्नै बाबुको अनुहार समेत देख्न पाएको छैन। मेघनाथ यादव संग भागेर विवाह गरेकी इन्द्राको अनुसार सासुले श्रीमानलाई आफूबाट टाढा राखेको र आफूलाई घरमा प्रवेश गर्न दिएको छैन ।

इन्द्राले भन्नुभयो, "आफूहरु विहे गर्ने बेला दुवैजना नाबालिक १७ वर्षको नै भएको हुँदा कानुनी प्रक्रिया सहज नहुँदा केही समय भारतको कन्हमा क्षेत्रमा बसोबास गर्दै आएका थियौं । तर सासु बविता देवी त्यहाँ पुगेर श्रीमानलाई "सामान किनिदिन्छु" भनी बजार लैजानुभएको र उतै लुकाएर राख्नु भएको छ। मेरो श्रीमानलाई सासुले लिएर गएपछि अहिले सम्म मैले अनुहार समेत हेर्न पाएको छैन । उक्त समयमा आफू छ महिनाकी गर्भवती रहेको उहाँले जानकारी दिनुभयो।

श्रीमान् नफर्किएपछि आफू घर पुग्दा "तल्लो जातकी छोरी" भन्दै घरमा प्रवेश गर्न नदिइएको र अमानवीय व्यवहार गरिएको उहाँले गुनासो गर्नुभयो। इन्द्रा भन्नुहुन्छ, " श्रीमान मेघनाथ मलाई असाध्यै माया गर्ने भएपनि आमा बुवाको अगाडी उहाँको केहि नचलेको र जबरजस्ती उहाँलाई भारत कै कुनै स्थानमा आमाले लुकाएर राखेको र उतै बन्देजमा पारेको छ। त्यसैले उहाँको अवस्था समेत अज्ञात रहेकोले मेरो सम्पर्कमा समेत आउन सकेको छैन।"

उहाँले प्रहरीसमक्ष जाँदा बलात्कार मुद्दा दर्ता गर्न सुझाव दिइएको भए पनि आफूले सो मुद्दा दर्ता नगरेको उल्लेख गर्नुभयो। प्रेम गरेर भएको विवाहका बाबजुद न्याय प्राप्तिका लागि अन्य विकल्प अपनाउनुपर्ने अवस्था आउनु दु:खद रहेको उहाँको भनाइ छ। प्रहरीले घटनासम्बन्धी थप अनुसन्धान भइरहेको जनाएको छ। जातीय विभेद तथा अमानवीय व्यवहारजस्ता संवेदनशील विषयमा कानुनी प्रक्रिया अगाडि बढाइएको र अन्य संलग्न व्यक्तिको भूमिकासमेत अनुसन्धानको दायरामा ल्याइने जनाइएको छ। यस घटनाले समाजमा अझै विद्यमान जातीय विभेद, बालविवाह तथा पारिवारिक हिंसाका समस्या उजागर गरेको छ। सरोकारवालाहरूले यस्ता घटनाको अन्त्यका लागि प्रभावकारी कार्यान्वयन र पीडितलाई न्याय सुनिश्चित गर्नुपर्ने आवश्यकता औंल्याएका छन्।

# राष्ट्रिय हक्की टोलीमा मिथिला नगर पालिकाका ६ खेलाडी छनोट











**खबर दर्पण समाचारदाता**
**चैत्र २९ गते, ढल्केवर**

नेपाल हक्की सङ्घले घोषणा गरेको राष्ट्रिय महिला तथा पुरुष हक्की टोलीमा धनुषाको मिथिला नगरपालिकाभित्रका ६ जना खेलाडी छनोटमा परेका छन् । सीमित स्रोतसाधनका बीच पनि स्थानीय खेलाडीले राष्ट्रिय टोलीमा स्थान बनाउन सफल भएपछि स्थानीयमा खुशी छाएको छ ।

धनुषा हक्की सङ्घका सचिव दिवेशकुमार महतोका अनुसार मधेश प्रदेशबाट छनोट भएका नौ खेलाडीमध्ये छ जना मिथिला नगरपालिकाका छन् । बाँकीमध्ये दुई जना जनकनन्दनी गाउँपालिकाका र एक जना पर्सा जिल्लाका खेलाडी रहेका छन् । मिथिला नगरपालिकाबाट छनोट हुनेमा शर्मिला यादव, लक्ष्मिनियाँ कुमारी, मधुकुमारी साह, रोशन यादव, पुरुषोत्तम महतो र उमेश श्रेष्ठ रहेका छन् । त्यसैगरी जनकनन्दनी गाउँपालिकाबाट आशिका मण्डल र अङ्गिता मुखिया तथा पर्साबाट मकेश्वर साह छनोटमा परेका छन् ।

छनोट भएका महिला हक्की खेलाडी भारतको लखनउमा आयोजना हुने नेपाल-इन्डो हक्की प्रतियोगितामा सहभागी हुने जनाइएको छ । उक्त प्रतियोगितामा भारतका छ टोली र नेपालसहित कुल सात टोलीबीच प्रतिस्पर्धा हुने बताइएको छ ।

सचिव महतोले खेल सामग्री तथा पूर्वाधारको अभावका बाबजुद मिथिला नगर पालिकाबाट राष्ट्रिय टोलीमा उल्लेख्य सङ्ख्यामा खेलाडी छनोट हुनु गर्वको विषय भएको बताउनुभयो । उहाँले भन्नुभयो, स्रोतसाधनको कमी हुँदाहुँदै पनि खेलाडीको लगनशीलता, मेहनत र परिश्रमकै कारण राष्ट्रिय टोलीको पर्न सकेको हो ।'

मिथिला नगरपालिका-२, नक्टाझिजस्थित श्री जनता माध्यमिक विद्यालयको खेलमैदानमा विगत पाँच वर्षदेखि महिला तथा पुरुष हक्की खेलाडी नियमित अभ्यास गर्दै आएका छन् । तर, खेल सामग्री र खेलमैदानको स्तरउन्नतितर्फ जनप्रतिनिधिको ध्यान पुग्न नसकेको उहाँले गुनासो सुनाउनुभयो ।


# शिरीष अफसेट प्रेस

बर्दिवास नगरपालिका-१ राष्ट्रिय वाणिज्य बैंक नजिकै), महोत्तरी

✓पत्रिका
✓क्यालेण्डर
✓रजिष्टर, डाइरी
✓किताब
✓परीक्षा कपी
✓पर्चा पम्पलेट
✓बिल, भाउचर,



✓स्क्रिन प्रिन्ट
✓विवाह कार्ड
✓प्रमाण पत्र
✓भिजिटिङ्ग कार्ड
✓झोला प्रिन्ट
✓रबर स्टाम्प




✓फ्लेक्स प्रिन्ट
✓ब्यानर प्रिन्ट
✓होर्डिङ्ग बोर्ड
✓स्टिकर
फाइल



साथै होम डेलिभरीको सुविधा छ ।

सम्पर्क नम्बर: ९८४४०२५१८४, ९८०७६७५१२५, ९८१५८८९६८२

# ढल्केबरमा तरबुजाको व्यापार फस्टाउँदो, दैनिक १० लाखको कारोबार

विजयकुमार साह

**चैत्र २९ गते,ढल्केवर**
पूर्वपश्चिम लोकमार्गअन्तर्गत पर्ने धनुषाको ढल्केबर क्षेत्रमा यतिखेर गर्मी मौसमसँगै तरबुजाको व्यापार उल्लेख्य रूपमा फस्टाएको छ।

गर्मी याममा निकै लाभदायी मानिएकाले तरबुजाको व्यापार यहाँ निकै फस्टाएको हो। पूर्वपश्चिम तथा मधेश प्रदेशको राजधानी जनकपुरधामको प्रवेशद्वार ढल्केबरमा अहिले तर बुजा व्यापार बढेसँगै पसलको सङ्ख्या समेत बढेको छ।

स्थानीय व्यापारीले दुई दर्जनभन्दा बढी स्थानमा अस्थायी टहरा निर्माण गरी तरबुजा बिक्री केन्द्र सञ्चालन गरेका छन्। ती पसलमा दैनिक रूपमा लोकमार्ग हुँदै आवतजावत गर्ने बस तथा निजी सवारीका यात्रुका साथै स्थानीय उपभोक्ताको उल्लेख्य भिड लाग्ने गरेको छ।

व्यापारीका अनुसार ढल्केबरमा अहिले दैनिक १० लाख रुपियाँभन्दा बढीको तरबुजा कारोबार भइरहेको छ। गर्मीमा चिसोपन दिने फलका रूपमा लोकप्रिय तरबुजाको माग उच्च भएकाले व्यापारमा उत्साह थपिएको उहाँको भनाइ छ।

यहाँबाट बिक्री हुने अधिकांश तरबुजा भने भारतका विभिन्न सहरबाट आयात गर्ने गरिएको व्यापारी घुरन दासले बताउनुभयो।उडिसा, कलकत्ता र सिलिगुडीलगायतका स्थानबाट तरबुजा ढुवानी गरी ल्याउने गरिएको उहाँले जानकारी दिनुभयो।

स्थानीय उत्पादन वैशाख महिनाको दोस्रो वा तेस्रो सातापछि मात्र बजारमा आउने भएकाले ग्राहकको माग पूर्ति गर्न भारतबाट आयात गर्नुपरेको उहाँको भनाइ छ।

ढल्केबरमा तरबुजा प्रतिकिलो ५० देखि ६० रुपियाँसम्ममा बिक्री भइरहेको छ भने काटेर तयार पारिएको तरबुजा (चना) २० देखि २५ रुपियाँमा बिक्री हुने गरेको छ।स्थानीय तरबुजा व्यापारी बैधनाथ चौधरीका अनुसार भारतबाट तरबुजा ल्याउँदा खरिद मूल्यबाहेक ढुवानीमै चारदेखि पाँच लाख रुपियाँसम्म खर्च हुने गरेको छ।

जसका कारण स्थानीय उत्पादनको तुलनामा आयातित तरबुजा केही महङ्गो हुन गएको छ।धनुषाको कमला नदी आसपासका गाउँमा पनि तर बुजा उत्पादन हुने गरे पनि समयमै उत्पादन नआउँदा बजार माग धान्न कठिन हुने गरेको व्यापारी चौधरीले बताउनुभयो।

उहाँले भन्नुभयो, "ग्राहकको माग धान्नका लागि भारतबाट आयात नगरी विकल्प छैन।"

एक दशकदेखि तरबुजाको मौसमी व्यापार गर्दै आउनुभएका अर्का व्यापारी रामकुमार महतोले ढल्केबर अहिले तरबुजाको प्रमुख थोक केन्द्रकै रूपमा विकास हुँदै गएको बताउनुभयो।

उहाँले जनकपुर, वीरगञ्ज, काठमाडौँ र पोखरा लगायतका सहरबाट व्यापारी तथा खुद्रा ग्राहक यहाँ आएर तरबुजा खरिद गरी लैजाने गरेको जानकारी दिनुभयो।



व्यक्तिगत घटना दर्ता व्यक्तिको कानूनी पहिचान र सार्वजनिक सेवा प्राप्तिको मुख्य आधार भएकोले घटना घटेको पैंतिस दिन भित्र सम्बन्धित स्थानीय पञ्जिकाधिकारीको कार्यालयमा गई नि:शुल्क रुपमा व्यक्तिगत घटना दर्ता गराऔं।
साथै, व्यक्तिगत घटना दर्ता प्रमाणपत्रमा उल्लेखित नाम,थर, उमेर वा अन्य विवरण त्रुटी भएको वा फरम परेको भएमा एक पटक सच्याउन सकिने कानूनी व्यवस्था र हेको हुँदा सम्बन्धित व्यक्तिले स्थानीय पञ्चिकाधिकारीको कार्यालयमा गई नियमानुसार विवरण सच्याउन सूचित गरिन्छ।
अनुरोधकर्ता :
जनकपुरधाम उपमहनगरपालिका
धनुषा, जनकपुरधाम
मधेश प्रदेश

Progressive Academy
Bardibas - 1, Mahottari
www.progressivebardibas.com



Learning Beyond Books
School Time:
7AM to 6 PM
A Semi-residential school.
✓ Integration of STEAM & PLE pedagogy
✓ Classrooms with AC and Smart Boards
✓ Focus on Moral Values & Culture
✓ Trained and Dedicated Teachers
✓ Technology Integrated Education
ADMISSIONS OPEN
Pre-School to Grade 8
Give your child an education that develops skills, confidence, and character.
98540-55122 | 044-590422

अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नर्सिङ कलेज भएको महोत्तरीको एकमात्र अस्पताल
➢ २४ सैं घण्टा इमर्जेन्सी सेवा
➢ ICU, NICU, PICU सेवा
➢ X-Ray, USG, CT Scan सेवा
➢ Endoscopy/Diode Laser सेवा
➢ Laproscopy सेवा
➢ क्याबिनको समेत व्यवस्था भएको
➢ विभिन्न रोगहरुको विशेषज्ञ डाक्टरहरुद्वारा उत्कृष्ट स्वास्थ्य सेवा
➢ 24/7 Ambulance सेवा
SHUBHA SWOSTIK HOSPITAL PVT.LTD
शुभ स्वस्तिक हस्पिटल प्रा.लि.
मेनरोड बर्दिवास, महोत्तरी
044-550255

खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर, धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,